नेपाल सरकार

# ऊर्जा मन्त्रालय

# विद्युत विकास विभाग

अनुमतिपत्र महाशाखा
(.............................................................)

फोन नं. ४४७४८५२, ४४८०२७६, ४४७८०८५, ४४८०३२६, ४४८०४२५, ४४९६८००, ४४८१६१४, ४४७६१९०

फ्याक्स (९७७-१)-४४८०२५७
पोष्ट बक्स नं. २५०७
थापागाउँ, अनामनगर
काठमाडौं, नेपाल

पत्र संख्या :-०७४/७५
च.नं.:- ११३८

मितिः २०७४/११/०६..........

**विषयः-** दुधकोशी -४ (ताकसिन्दु) ज.वि.आ.को विद्युत उत्पादन अनुमतिपत्रको दरखास्त सम्बन्धमा स्पस्टिकरण पेश गर्ने बारे ।

श्री KVR India Infra Vidhyut Ventures Pvt. Ltd.
Plot No 435, Road No 78, Jubilee Hills,
Hyderabad - 500033, Andra Pradesh, India
Phone: +91 40 23553045, +91 9866201111
Email: kavramaraju@gmail.com
नेपाल ठेगानाः प्रताप मार्ग, ज्ञानेश्वर, काठमाडौं
फोनः ९८४१५५४०१३
Email: prachandashrestha2000@yahoo.com

प्रस्तुत दुधकोशी -४ (ताकसिन्दु) ज.वि.आ.को विद्युत उत्पादनको अनुमतिपत्रको दरखास्त माथि कारवाहीको क्रममा यस विभागबाट विभिन्न समयमा विद्युत नियमावली, २०५० को दफा १२ र विद्युत आयोजनाको अनुमतिपत्र सम्बन्धी निर्देशिका, २०७३ को दफा ६ वमोजिम कागजात/विवरणहरु माग गरिएकोमा पछिल्लो पटक मिति २०७४/०५/०५ (च.नं. २१७, प.स. २०७४/७५ अ.प.) मा नपुग विवरण/कागजातहरु माग गरिएको र मिति २०७४/०८/०३ (च.नं. ७०३, प.स. ०७४/७५ अ.प.)मा उक्त कागजात/विवरणहरु पूर्ण रुपमा पेश नभएकाले स्पस्टिकरण पेश गर्न पत्राचार गरिएको थियो । उक्त माग गरिएको कागजात/विवरणहरु हाल सम्म पूर्ण रुपमा पेश नभएकाले पूर्ण रुपमा सम्पूर्ण कागजात/विवरणहरु सात (७) दिन भित्र यस विभागमा बुझाउन र उक्त कागजात/विवरणहरु नबुझाएमा के-कति कारणले बुझाउन नसकेको हो? सो सम्बन्धमा सफाई/स्पस्टिकरण पेश गर्न तथा सफाई/स्पस्टिकरण पेश नगरेमा वा चित्तबुझ्दो नभएमा अनुमतिपत्रको दरखास्त रद्द गरिने व्यहोरा ऊर्जा मन्त्रालय (सचिवस्तर)को मिति २०७४/११/०३ को निर्णयानुसार जानकारी गराईन्छ ।
पूर्ण रुपमा पेश हुन बाँकी रहेको कागजात/विवरणहरु निम्नानुसार छन् ।

| सि.नं | कागजात/विवरण |
|---|---|
| १. | <u>सम्भाव्यताको विश्लेषण</u> |
| | क) आयोजनाको अध्ययन प्रतिवेदन रDesign Drawingतथा सोकोsoft copy (पेश भएको अध्ययन प्रतिवेदन पूर्ण रुपको feasibility study नरहेको) |
| | ख) आयोजना क्षेत्रका प्रमुख संरचनाको रेखाङ्कन तथाCoordinateसहितको सक्कल टोपो नक्सा |
| २. | स्वीकृत वातावरणीय प्रभाव मूल्यांकन (EIA) प्रतिवेदन/प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन |
| ३. | क) अघिल्ला दुई आ.व.मध्ये कम्तिमा एक आ.व.को कर चुक्ता प्रमाणपत्र वा दाखिला गरेको प्रमाण |
| | ख) उद्योग दर्ताको प्रमाणपत्र (वैदेशिक लगानीको हकमा सोको स्वीकृति समेत) |
| | ग) अख्तियारी प्राप्त व्यक्तिको परिचय-पत्र एवंसम्पर्क नंबर |

नेपाल सरकार
ऊर्जा मन्त्रालय
# विद्युत विकास विभाग
अनुमतिपत्र महाशाखा
(..................................................)

फोन नं. ४४७४८५२, ४४८०२७६
४४७८०८५, ४४८०३२६
४४८०४२५, ४४९६८००
४४८१६१४, ४४७६१९०
फ्याक्स (९७७-१)-४४८०२५७
पोष्ट बक्स नं. २५०७
थापागाउँ, अनामनगर
काठमाडौं, नेपाल

पत्र संख्या :-०७४/७५

मितिः ..............................

विषयः-

| | |
|---|---|
| ४. | विद्युत खरिद बिक्री सम्झौता सम्बन्धी<br>क) बहाल रहेको विद्युत् खरीद बिक्रीको सम्झौता पत्र वा कनेक्शन एग्रीमेन्ट वा विद्युत् खरीद बिक्रीको आशयपत्र<br>ख) पूर्ण रूपमा निर्यातमूलक आयोजनाको हकमा विद्युत निर्यात गरिने प्रसारण लाइनको स्वामित्त्व रहेका संस्थाहरूसङ्गको सम्झौता वा आशयपत्र,विद्यूत खरिदकर्ताहरुसङ्ग भएको खरिदबिक्री सम्झौता वा आशयपत्र,विद्युत निर्यात गर्ने सम्बन्धमा नेपाल सरकारको सैद्धान्तिक स्वीकृति<br>ग) आंशिक रूपमा निर्यातमूलक आयोजनाको हकमा ५(क) र (ख) दुबै |
| ५. | परियोजनाको लागि स्थायी वा अस्थायी तबरबाट उपयोग वा प्राप्तिको लागि चाहिने आवश्यक सरकारी वा गैरसरकारी जग्गाको कूल क्षेत्रफल र जग्गाधनीहरुको लगत |
| ६. | वित्तीय व्यवस्था<br>क) आयोजनामा हुने स्वपूंजी र ऋणको अनुपात खुल्ने जानकारी<br>ख) कम्तिमा अघिल्ला दुई आर्थिक वर्षमध्ये एक आर्थिक वर्षको लेखापरीक्षण गरिएको वित्तीय विवरण<br>ग) स्वपूंजी लगानी गर्ने क्षमता पुष्टी हुने कागजातको हकमा आवश्यकता अनुसार देहाय बमोजिम मध्यका कुनै एक विवरण<br>१. आयोजनाको विकास गर्न प्रवर्द्धक कम्पनीको शेयरमा लगानी गर्ने सम्बन्धमा कुनै स्वदेशी वा विदेशी कम्पनीसङ्ग भएको सम्झौताको Notarized प्रति (जस्तैः MOU वा JV Agreement) तथा प्रवर्द्धक र नयाँ कम्पनीको चार्टर्ड एकाउन्टेन्टबाट प्रमाणित Cumulative Net Worthतथा तल उल्लेखित विवरण<br>*MOU वा JV Agreement गर्ने नया कम्पनीको हकमा सो कम्पनी जुन मुलुकमा दर्ता भएको हो सो को आधिकारिक रुपमा पुष्टी हुने कागजात/विवरण<br>२. आवश्यक शेयर पूंजीलाई पुग्ने गरी प्रवर्द्धक कम्पनीमा कायम रहेका शेयर होल्डरहरुको चार्टर्ड एकाउन्टेन्टबाट प्रमाणित Cumulative Net Worth तथा आवश्यकतानुसार तल उल्लेखितविवरण<br>क) आयोजनामा इक्विटी लगानी गर्ने सम्बन्धमा शेयर होल्डरहरु बीच भएको सम्झौता<br>ख) कुनै शेयर होल्डरले लिन कबुल गरेको शेयर बराबरको निजको नेट वर्थ नभएको अवस्थामा उक्त शेयर होल्डरको शेयरमा समेत अन्य शेयर होल्डरहरुले आवश्यक परेमा आयोजनामा इक्विटी लगानी गर्ने सम्बन्धमा शेयर होल्डरहरुबीच भएको सम्झौता<br>३. यदि कुनै प्रवर्द्धक कम्पनीले वा सो कम्पनीका शेयर होल्डरहरुले यसअघि उत्पादन अनुमतिपत्र प्राप्त गरी कुनै विद्युत आयोजनामा लगानीको लागि सहभागि भैसकेको भए शुरुको र प्रस्तावित आयोजनालाई खाम्ने गरी Net worth पेश गर्नु पर्ने<br>घ) शेयर पूँजीमा लगानी गर्ने प्रतिबद्धता गरिएको संचालक समितिको निर्णयको प्रमाणित प्रतिलिपि<br>ङ) आयोजनामा प्रत्यक्ष रूपले सहभागी हुने वित्तीय संस्थाहरुसँगको ऋण सम्झौता वा ती संस्थाहरुबाट पेश भएको लगानी गर्ने प्रतिबद्धता |

(सकृय न्यौपाने)
इन्जिनियर

बोधार्थः
श्रीमान सचिवज्यू, ऊर्जा मन्त्रालय ।
श्रीमान महानिर्देशकज्यू, विद्युत विकास विभाग ।